आज मिति २०८१ साल असोज २२ गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३७ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री हरि बहादुर भुजेल | |

CamScanner

## निर्णयहरु

निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

निम्न

| सि. नं. | प्रस्ताव | आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | आ.व. २०८१/८२ को असोज २१ गते सम्मको आम्दानी तथा खर्च विवरण | समानिकरण अनुदान (सँघ) | २७२२५००० | चालू नगरपालिका | २०६५७५१५।३१ | आ.व २०८१/८२ को आम्दानी रु २२३२६२६३५।६११ र चालु निशर्त तर्फ २०६५७५१५।३१ ससर्त अनुदान चालू तर्फ रु ९०३६७९९६।६६ गरी जम्मा रु १११०२५५११।९४ (खर्च प्रतिशत २१।९७) पूजिगत निसर्त तर्फ २४९४०० ससर्त अनुदान पूँजिगत १०८४८१६ गरी जम्मा रु १३३४२१६।— (खर्च प्रतिशत ०।६२) गरी कुल खर्च रु ११२३५९७२७।९४ (खर्च प्रतिशत १५।६ ) व्यहोरा कार्यपालिकाको बैठकमा जानकारी गराईयो । |
| | | समानिकरण अनुदान (प्रदेश) | | चालू ससर्त | ९०३६७९९६।६६ | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राजश्व बाँडफाँड संघ | १०२६२७४८।४० | पूँजिगत नगरपालिका | २४९४०० | |
| | | राजश्व बाँडफाँड प्रदेश | | ससर्त अनुदान पूँजिगत | १०८४८१६ | |
| | | संघिय ससर्त अनुदान | १३०१०७४५० | | | |
| | | विशेष अनुदान | | | | |
| | | गत वर्षको अल्या | ४८६३१२२४।७१ | | | |
| | | आन्तरिक आय | १८०४००८ | | | |
| | | जम्मा | २२३२६२६३५।६१ | जम्मा | १४०५५०१७१.८४ | |

निर्णय नं ३

संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान अन्तर्गतका निम्नानुसारका योजनाका लागि पालिकाको तर्फबाट साझेदारी गर्नु पर्ने रकम समपुरक कोषबाट साझेदारी गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | साझेदारी गर्ने सरकार | हस्तान्तरित बजेट | पालिकाको साझेदारी बजेट |
|---|---|---|---|---|
| १ | कुश्मिसेरा सर्कुवा विहारथला केवै हुदै ८ नं वडा कार्यालय छिस्ति सडक | संघीय सरकार | १००००००००। | १००००००००। |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | न्वारढिक धुल्लु विहारथला हाडिकोट सडक | गण्डकी प्रदेश सरकार | १००००००० | १००००००० |

निर्णय नं ४

यस नगरापलिकामा कार्यरत वडा बालमैत्री सहजकर्ता तलब कार्य वोझ वढी भएको र तलब स्केल साह्रै न्यून भएकोले हाल खाईपाइ आएको तलब रु १७५००।- मा रु २५००।- वृद्धि गरी रु २००००।- कायम गर्ने र खेलकुद शिक्षकको तलब शिक्षण शिकाई अनुदान रु ३०२००।- बरावर हुने गरी तोकिएकोमा हाल शिक्षण शिकाई अनुदानको तलब वृद्धि भई रु ३४७३०।— भएकोले हाल खांईपाई आएको रु ३०२००।— मा रु ४५३०।- थप गरी रु ३४७३०।- कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ५

कुश्मिसेरा प्राथमिक स्वास्थ्य चौकीमा २४ घण्टा अत्यावश्यक सेवा प्रवाह गर्ने गरि कार्यरत चिकित्सकहरुको रात्रिकालिन र सार्वजनिक विदाको सेवा गरेबापत जैमिनी नगरपालिका चालु तर्फ अन्य भत्ता शिर्षकबाट दैनिक दिनको रु १०००। का दरले उपलब्ध गराउदैं आएकोमा डिउटि रोष्टरका र रुजु हाजिरको आधारमा चिकित्सकहरुलाई रात्रीकालिन र सार्वजिनक विदामा सेवा गरेबापत रु १०००। भत्ता उपलब्ध गराउने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं ६

नेपालीहरुको महान चाड दशै तिहार र छडको अवसरमा देश विदेश रहने सबै जैमिनीबासी नागरिकहरुका हार्दिक मंगलमय शुभकामना सहित चाडवाडहरु शान्त हर्ष र खुसियालीपूर्ण तवरले मनाउन आह्वान र अनुरोध गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत